# चिङ्गाड गाउँपालिका

**अवलचिङ्ग,सुर्खेत**

**कर्णाली प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्ड: ८** **संख्या: ३**

प्रमाणीकरण मितिः २०८१।०४।१४

राजपत्रमा प्रकासित मितिः २०८१।०४।१४

# चिङ्गाड गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१

# चिङ्गाड गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः** यस चिङ्गाड गाउँपालिकामा रहेका आर्थिक रुपले विपन्न, अशक्त, असहाय, जोखिमका परेका दीर्घ रोगी, हिसां पीडित महिला, बालवालिका, बेवास्तामा परेका ज्येष्ठ नागरिक, प्राकृतिक प्रकोप वा अन्य कुनै विपतको कारण जोखीममा रहेका व्यक्ति तथा परिवार लगायत कमजोर आर्थिक अवस्थाको कारण जोखिममा परेका नागरिकहरुको संरक्षणको लागि न्यूनतम आर्थिक सहायता उपलब्ध गराउन बाञ्छनिय भएकोले चिङ्गाड गाउँपालिका गाउँ कार्यपालिकाको देहाय बमोजिम यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(१) यस कार्यविधिको नाम चिङ्गाड गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि २०८१ रहेको छ।

(२) यो मापदण्ड राजपत्रमा प्रकाशित भएपछी तुरुन्त लागु गरिने छ।

**२. परिभाषाः- विषय प्रसंगले अर्को अर्थ नलागेमा**

(क) गाउँपालिका भन्नाले चिङ्गाड गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) गाउँ कार्यपालिका भन्नाले चिङ्गाड गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) आर्थिक सहायता पाउन योग्य व्यक्ति भन्नाले विपन्न, अशक्त, असहाय, जोखिमका परेका दीर्घ रोगी, हिसां पीडित महिला, बालवालिका, बेवास्तामा परेका ज्येष्ठ नागरिक, प्राकृतिक प्रकोप वा अन्य कुनै विपतको कारण जोखीममा रहेका व्यक्ति तथा

परिवार लगायत कमजोर आर्थिक अवस्थाको कारण जोखिममा परेका व्यक्ति सम्झनु पर्दछ।

(घ) न्यायिक समिति भन्नालेः- चिङ्गाड गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ।

(ङ) अध्यक्ष भन्नालेः- चिङ्गाड गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ।

(च) प्रमुख प्रशासकीय अधिकृत भन्नालेः- चिङ्गाड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

## परिच्छेद- २
## आर्थिक सहायता सम्बन्धि व्यवस्था

**३. उपचार सहायता सम्बन्धी व्यवस्था-**

(१) आर्थिक रुपले विपन्न दीर्घ (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिक आदी) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नका लागि आवश्यक कागजात सहित गाउँपालिकाको कार्यालयमा निवेदन दिन सक्नेछ

स्पष्टिकरण आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनी अधिकार प्राप्त सरकारी निकायवाट प्रमाणित कागजात, अस्पतालको रिर्पोट लगायतका कागजात बुझाउनु पर्ने छ।

(२) उपखण्ड (१) बमोजिम प्राप्त निवेदन माथि आवश्यक जाँचबुझ गरी रु १०,००० (दश हजार) सम्मको आर्थिक सहायता दिई निशुल्क उपचारको लागि समेत सिफारिस गर्न सक्नेछ।

**४. हिंसा पिडित तथा जोखिममा परेकालाई सहायता सम्बन्धी व्यवस्थाः**

(१) घरेलु हिंसा यौनजन्य हिंसाबाट पीडित महिला तथा बालवालिकाको तत्काल उद्धार तथा राहतवापत रु १०,०००। (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) पीडितलाई न्याय दिलाउन एंव पुनस्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिने छ।

**५. जोखिममा परेका बालबालिकालाई सहायताः-**

(१) आर्थिक कारणले जोखिमपुर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहार पीडित दुर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको बुवा वा आमा कारागार वा हिरासतमा रहेको वा कसुरसंग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार बेचविखन ओसारपसारमा परेको, हिंसा पीडित बाबु आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरीर बन्धकमा परेको सडक बालवालिका, एच आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तथा तत्काल उद्धार गर्नुपर्ने अवस्था भएमा गाउँपालिकाले उद्दार गरि रु १०,०००। (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) उपखण्ड (१) मा उल्लिखित बालवालिकाको शिक्षा तथा पालनपोषणको लागि बाल उद्धार गृह तथा संस्थागत विद्यालयसंग समन्वय गरी छात्रवृति मार्फत शिक्षा तथा पालन पोषणको व्यवस्था गर्न गाउँपालिकाकले पहल गर्नेछ।

**६. प्रकोपजन्य विपदबाट व्यक्ति तथा परिवारलाई सहायता सम्बन्धी व्यवस्थाः-**

(१) बाढी, पहिरो, आगलागी, दुर्घटना वा यस्तै विपतजन्य घटनाबाट क्षति पुगेको व्यक्ति तथा परिवारको उद्दार तथा राहतको लागि रु १०,०००। (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध तत्काल गराउन सकिनेछ।

(२) पीडितको आवश्यकता हेरी अन्य जिन्सी सामान समेत गाउँपालिकाले विपद् राहतस्वरुप उपलब्ध गराउन सक्नेछ।

**७. काजक्रिया सहायता सम्बन्धी व्यवस्थाः-**

**(१) आर्थिक रुपमा विपन्न कुनै परिवारको सदस्यको मृत्यु भएमा काजक्रिया सहायता वापत रु १०,०००। (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।**

**८. जिन्सी सहायता उपलब्ध गराउन सक्नेः-**

(१) यस कार्यविधिबमोजिम उपलब्ध गराइने सहायता नगद वा सो बराबरको जिन्सीको रुपमा उपलब्ध गराउन सकिनेछ।

**९. सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातः**

(१) यस गाउँ कार्यपालिकाको कार्यालयमा परिच्छेद १ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्ने छ।

# परिच्छेद -३
# विविध

## १०. आर्थिक सहायता समिति सम्बन्धी व्यवस्थाः

(१.) यस कोषको रकम सदुपयोग एंव संचालन गर्नको लागि देहाय बमोजिमको आर्थिक सहायकता समिति रहनेछ।

गाउँपालिका अध्यक्षः **संयोजक**

गाउँपालिका उपाध्यक्षः **सदस्य**

प्रमुख प्रशासकीय अधिकृतः **सदस्य**

गाउँपालिका अध्यक्षले मनोनयन गरेको एक जना कार्यपालिकाको महिला सदस्यः **सदस्य**

विपद व्यवस्थापन हेर्ने व्यवस्थापन शाखा हेर्ने कर्मचारीः **सदस्य सचिव**

**<u>११. निवेदन ढाँचाः</u>** आर्थिक सहायता पाउन अनुसूचि १ को ढाँचामा निवेदन दिनु पर्नेछ। तर तत्काल उद्दार तथा राहत दिन आवश्यक भएकोमा कुनै माध्यमबाट गाउँपालिकामा जानकारी हुन आएमा निवेदन नपरेको अवस्थामा समेत गाउँपालिकाले आफै नगद तथा जिन्सी सहायता यस कार्यविधिबमोजिम सहायता पाउने व्यक्तिलाई उपलब्ध गराउन सक्नेछ।

## <u>१२. निर्णय गरी सहायता उपलब्ध गराउनुपर्नेः</u>

(१) यस कार्यविधि अनुसार आर्थिक सहायकता उपलब्ध गराउदाँ प्रष्ट कारण खुलाई निर्णय गरी उपलब्ध गराउनुपर्नेछ।

(२) यस कार्यविधिमा उल्लेख भएको रकमको सिमाभन्दा बढी आर्थिक सहायता उपलब्ध गराउनुपर्ने अवस्था भएमा गाउ कार्यपालिकाको निर्णायानुसार हुनेछ।

**<u>१४. सहायता सम्बन्धी बजेट व्यवस्थापन</u>**

यस कार्यविधिको अधिनमा रही खर्च गर्ने गरी वार्षिक रुपमा निश्चित रकम गाउँसभाबाट विनियोजन भएबमोजिम आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ। उक्त रकम अपुग हुने अवस्थामा तपसिल बमोजिम खर्च लेख्न बाधा पुगेको मानिने छैन।

(१) दर्घटना तथा विपद् राहत व्यवस्थापन सम्बन्धमा गाउँपालिका वा वडास्तरमा रहेको विपद् व्यवस्थापन कोषबाट।

(२) जटिल/कडा किसिमका रोगहरु तथा दीर्घ रोगीको सम्बन्धमा गाउँपालिकाको स्वास्थ्य सम्बन्धी कोष तथा कार्यक्रमबाट।

(३) अन्य सहायताको हकमा सम्बन्धित शिर्षकबाट बजेट विनियोजन भएमा सोही शिर्षकबाट।

**<u>१५. कार्यविधि संशोधनः</u>** यस कार्यविधिमा प्रचलित कानुनको प्रतिकुल नहुनेगरी गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

**<u>१६.बाधा अड्काउ फुकाउनेः</u>** यस कार्यविधिले कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिमा रहने छ।

**<u>१७. मापदण्ड तयार गर्न सक्नेः</u>** यस कार्यविधिलाई कार्यान्वयन गर्न आवश्यक मापदण्ड तयार गर्न सकिनेछ।

## अनुसूचि १
## (दफा ९ सँग सम्बन्धित)

**मितिः**

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**चिङ्गाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुर्खेत।**

**बिषयः आर्थिक सहायता उपलब्ध गराइदिनु हुन।**

प्रस्तुत बिषयमा म/हामी .................. समस्याले ग्रसित भई ........................... गर्नका लागि यस कार्यालयको सहयोग आवश्यक भएको व्यहोरा अवगत गराउँदछु/छौ। उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएको हुँदा सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई दिन हुन/ निशुल्क उपचारको लागि सम्बन्धीत निकायमा सिफारिस गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौ।

तपिसलः

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/ जन्मदर्ता/ विवाहदर्ताको प्रतिलिपि
३.अस्पतालको रिपोर्ट
४. मुचुल्का
५. सरकारी कार्यालबाट प्रमाणीत कागजात सिफारीस
६. अन्य कागजातहरु आवश्यकता अनुसार

..................
**निवेदको नामः**
**ठेगानाः**
**हस्ताक्षरः**